स्वदेशी लघुवित्त
वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रियस्तरको संस्था)
केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी
सजिलो लघु बैंकिङ्ग

च.नं. : ४५/०७५/७६(कम्पनी सचिव)

मिति : २०७५/१०/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : **त्रैमासिक प्रतिवेदन सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) बमोजिम यस स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७५/७६ को दोश्रो त्रैमासिक वित्तीय विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका नागरिक दैनिकमा मिति २०७५/१०/१३ गते, आईतबारका दिन प्रकाशन भएको र उक्त वित्तीय विवरण यसै पत्र साथ पेश गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

धन्यवाद ।

भवदीय,

.........................
अशोक सुवेदी
**(कम्पनी सचिव)**

**संलग्न :**
१. त्रैमासिक प्रतिवेदन

**बोधार्थ :**
१. श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

२. श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलिसडक, काठमाडौं ।

फोन : ०२५-५८७६२०/६२१ फ्याक्स : ०२५-५८७६१९, ई-मेलः info@swadeshibank.com वेवः www.swadeshibank.com

# स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड

इटहरी-१, सुनसरी, नेपाल

## Unaudited Financial Results (Quarterly)

### As at 2nd Quarter (30/09/2075) of the Fiscal Year 2075/76.

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **3,175,096.80** | **3,063,668.55** | **2,233,582.34** |
| 1.1 | Paid-up Capital | 230,000.00 | 115,000.00 | 115,000.00 |
| 1.2 | Reserves and Surplus | 139,916.50 | 135,748.62 | 26,310.22 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 1,840,708.16 | 1,915,453.70 | 1,482,005.43 |
| 1.5 | Deposits (a+b) | **809,452.53** | **708,679.21** | **480,928.05** |
| | a. Member | 809,452.53 | 708,679.21 | 480,928.05 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | 11,219.96 | 18,908.32 | 5,845.10 |
| 1.7 | Other Liabilities | 143,799.65 | 169,878.70 | 123,493.54 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **3,175,096.80** | **3,063,668.55** | **2,233,582.34** |
| 2.1 | Cash & Bank Balance | 24,019.55 | 17,352.87 | 56,609.69 |
| 2.2 | Money at call and short Notice | 115,362.61 | 205,377.55 | 135,353.02 |
| 2.3 | Investments | 216,500.00 | 180,000.00 | 220,000.00 |
| 2.4 | Loans & Advances | 2,729,539.60 | 2,489,653.18 | 1,767,829.03 |
| 2.5 | Fixed Assets | 29,659.61 | 32,261.84 | 24,645.26 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 60,015.43 | 139,023.12 | 29,145.34 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest income | 218,410.03 | 102,312.98 | 145,654.77 |
| 3.2 | Interest Expense | 116,929.09 | 55,848.84 | 77,569.15 |
| A | **Net Interest Income (3.1-3.2)** | **101,480.94** | **46,464.15** | **68,085.62** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 45,479.06 | 22,990.67 | 26,040.75 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **146,960.00** | **69,454.81** | **94,126.37** |
| 3.6 | Staff Expenses | 61,400.77 | 33,966.31 | 41,407.41 |
| 3.7 | Other Operating Expenses | 24,876.73 | 12,411.06 | 20,514.92 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **60,682.50** | **23,077.44** | **32,204.04** |
| 3.8 | Provision for Possible Loss | 18,544.17 | 9,391.87 | 10,772.01 |
| D | **Operating profit (C-3.8)** | **42,138.33** | **13,685.57** | **21,432.03** |
| 3.9 | Non Operating Income/Expenses (Net) | (568.29) | (568.29) | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **41,570.04** | **13,117.28** | **21,432.03** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **41,570.04** | **13,117.28** | **21,432.03** |
| 3.12 | Provision For Staff Bonus | 3,779.10 | 1,192.48 | 1,948.37 |
| 3.13 | Provision For Tax | 11,337.29 | 3,577.44 | 5,845.10 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **26,453.66** | **8,347.36** | **13,638.57** |
| **4** | **Ratios** | **At The End of this Quarter** | **At The End of Previous Quarter** | **At The End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 12.47% | 10.16% | 10.80% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.87% | 1.67% | 1.78% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 108.23% | 110.59% | 109.19% |
| 4.4 | Cost of Funds | 9.82% | 10.00% | 9.35% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 91.69% | 86.65% | 84.08% |

Note: 1) Above financial figures are subject to change as per the directions of supervisory authority & external auditor.
2) Above financial figures are regrouped wherever deemed necessary.
3)Above financial statements are prepared in accordance with NRB Directives, and not complied with NFRS.

| Interest Rate | | | |
|---|---|---|---|
| 1. Deposit | Min. 1% to Max. 9% | 2. Loan & Advance | Min. 17% to Max. 18% |

स्वदेशी लघुवित्त वित्तीय संस्था लि.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि -१४**
**(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (वार्षिककरण) | मूल्य आम्दानी अनुपात (वार्षिककरण) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रू.२७.९३ | २२.१२ | रू.१६०.८३ | रू.१३८०.४८ | १०.८३% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

कारोवारको वृद्धि सँगै बैकको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा वृद्धि रहेको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुँच अभिवृद्धि गराइ नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका बिभिन्न स्थानहरुमा ७३ वटा शाखा कार्यालयहरु मार्फत ७०,६३४ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस संस्थाले नविनतम् प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागी विशेष गरी महिलाहरुलाइ केन्द्रित गरी लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ । आर्थिक बर्ष २०७५/७६ मा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा तथा शाखा बिस्तार गरी थप विपन्न वर्ग परिवारमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

वर्तमान अवस्थामा देशमा रहेको राजनैतिक अस्थिरता, बैकहरुले कर्जामा लिने ब्याजदरको उतार चढाव, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि कारणले संस्थालाइ केही असर पर्न गए पनि संस्थाले तय गरेका कुशल नीतिका कारण देखिएका समस्याहरु समयमै समाधान गर्दै लगेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागि संस्थाले नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयर सुचिकृत गराएको छ ।

(ख) नेपाल स्टक एक्स्चेन्जको वेवसाइट अनुसार गत त्रैमासिक अवधिको शेयरको कारोवार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार दिन | शेयर कारोवार संख्या |
|---|---|---|---|---|
| रू.७१७.०० | रू.५७५.०० | रू.६१८.०० | ५९ दिन | १८,५५३ कित्ता |

**५. समस्या तथा चुनौती :**

लघुवित्त संस्थाहरुको स्थापना, सञ्चालन रहने क्रम जारी रहेको अवस्था र ती सबै संस्थाहरुको लक्षित वर्ग तथा क्षेत्र पनि अन्य लघुवित्त संस्थाहरु सञ्चालित क्षेत्रहरु रहेको हुँदा संस्थाहरु विच अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने जस्ता अवस्थाका साथ काम गर्नु पर्ने रहेको छ । त्यस्तै अप्रत्यासीत रुपमा श्रृजना हुन सक्ने प्रतिकुल अवस्था एव देशको राजनैनिक अवस्था, कर्जा कोषमा ब्याज वृद्धि र मूल्य वृद्धिले सञ्चालन लागत वृद्धि भै मुनाफामा पर्न सक्ने असर समेत विद्यमान छ ।

**६. संस्थागत सुशासन :**

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ । संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली,कर्जा नीति तथा निर्देशिका, नगद कारोवार सञ्चालन निर्देशिका,सूचना प्रविधि नीति, कर्जा अपलेखन विनियमावली,जोखिम व्यवस्थापन नीति,बचत निर्देशिका, जिवन आवाश तथा पशुधन सुरक्षण निर्देशिका , कर्मचारी कार्य सम्पादन मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ । संस्थाले आफ्नो कारोवारलाइ चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाउन सञ्चालन समिति, व्यवस्थापन समूह तथा व्यवस्थापन तहमा लेखा परीक्षण समिति,जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति लगायतका समितिहरु गठन गरिएको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाइ सुसूचित गर्न तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

स्वदेशी लघुवित्त वित्तीय संस्था लि.